सन् 1990 मा मानव मिलन संस्था स्थापना गर्नुभएको रहेछ मणीभद्रजी महाराजले । वि.सं. २०६३ सालमा उहाँको कर्मभूमिसे जन्मभूमितक भन्ने हिन्दी पुस्तकलाई नेपालीमा अनुवाद गर्ने मैले सु-अवसर पाएँ । पुस्तक विमोचन उहाँकै वाहुलीबाट भएको थियो । विमोचन समारोह मानव मिलन समाजको अन्तराष्ट्रिय सम्मेलनको अवसरमा भएको थियो । सम्मेलनमा भारतका विभिन्न प्रान्तबाट आएका पदाधिकारीहरुको समेत बाक्लो उपस्थिति थियो । त्यसबेला विभिन्न वक्ताहरुले महाराजको व्यक्तित्व बारे खुलेरै चर्चा गरे । प्राध्यापक नारायणप्रसाद अधिकारीले भन्नुभएको कुरा म सम्झन्छु । "अहिले सम्म हामीले भारतमा जन्मनु भएका व्यक्तित्वहरुलाई गुरु मान्दै आएका थियौं । तर नेपालमा जन्मेका मणिभद्रजी महाराजलाई भारतमा समेत सबैले गुरु मानेको देख्दा हामी सबै नेपालीको स्वाभिमान बढेको आज अनुभूति भएको छ ।"

२०६३ सालको जन्माष्टमी शोभायात्रा कार्यक्रममा मणिभद्रजी महाराजले प्रमुख अतिथिको आसनबाट सारगर्भित मन्तव्य व्यक्त गर्नुभयो । उहाँको भनाई थियो - धर्मलाई नास्तिकहरु भन्दा स्व-घोषित धर्मका ठेकदारहरुबाट बढी खतरा छ । धर्मलाई युग सापेक्ष आधुनिक व्याख्या गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भन्नुभयो- "दया, अहिंसा र करुणाको पालना बिना व्यक्ति धार्मिक बन्न सक्दैन ।" वि.सं. २०६६ र ०६७ सालको जन्माष्टमी शोभायात्रा कार्यक्रममा उहाँले सारगर्भित मन्तव्य व्यक्त गर्नुभएको थियो ।

मणिभद्रजी महाराजका विषयमा थप जान्ने उत्सुकता म मा झनै बढ्दै गयो । अध्यात्मयोगी गुरुदेव श्री शान्ति स्वरुपजी महाराजका वंश परम्पराका उज्वल नक्षत्र भीष्म पितामह तुल्य तपस्वीरत्न श्री सुमति प्रकाशजी महाराजका



प्रिय शिष्य मणिभद्रजी महाराज विभिन्न विलक्षण प्रतिभाका धनी हुनुहुन्छ । साथै उहाँ प्रखर वक्ता पनि । जसले एकपटक उहाँको प्रवचन सुन्ने अवसर प्राप्त गर्छ त्यो सधैं महाराजको हुने गर्छ । उहाँको मुनि जीवन एक महान चमत्कार जस्तै लाग्छ ।

करीब ७० हजार किलो मिटर पैदल यात्रा पुरा गरिसक्नुभएका महाराजले मित्रराष्ट्र भारतको जम्बू काश्मिरदेखि दक्षिण केरल सम्मको यात्रा गरिसक्नु भएको छ । उहाँ कुनै सवारी साधन प्रयोग गर्नुहुन्न । जहाँ पनि पैदल यात्रा नै गर्नुहुन्छ । त्यो पनि बिना जुत्ता चप्पल । दिल्ली देखि महिनौं लगाएर पोखरा आउनुभयो । पोखराबाट पैदल मात्र गरेर दिल्ली पुग्नुहुन्छ । उहाँहरुमा संग्रह भावना हुँदैन । उहाँहरुको कुनै निजी आश्रम या मठ हुँदैन । उहाँहरु जीव या प्राणी हत्या गर्नु हुन्न । कतै बस्नु अघि कपडाको कुचोले बढारेर मात्र बस्नुहुन्छ । मुखमा सेतो पट्टी बाँध्नुहुन्छ । ताकि भूल वस पनि किट-पतङ्गको हत्या नहोस् । अहिंसाका कट्टर हिमायती हुनुहुन्छ । भक्तहरु कहाँ गएर उनीहरुले दिएको भोजन ग्रहण गर्नुहुन्छ । स्त्रीलाई स्पर्श गर्नुहुन्न । सधैं ब्रह्मचर्य ब्रत धारणा गर्नुहुन्छ । कठोर त्यागमय जीवन जीउनु हुन्छ । यिनै कठोर जीवन साधनाको कारण समाजमा पूजित हुने गर्छ । भारतीय समाजमा जैन साधु एवं मुनिहरुको ठूलो स्थान रहेको त्यहाँबाट आएका भक्तहरुको भनाई रहेको छ । कठोर साधनाका कारण उहाँ सम्मानित हुनुहुन्छ, पूजित हुनुहुन्छ । ठूला-ठूला राजनेता, धर्मगुरु समेत उहाँलाई भेट्न पाउँदा आनन्दको अनुभूति गर्छन् । उहाँ हप्तामा एक दिन मौन धारण गर्नुहुन्छ । प्रत्येक दिन बिराएर भोजन ग्रहण गर्नुहुन्छ । त्यसमा पनि दिनमा एकपटक मात्रै प्रसाद लिनुहुन्छ । उहाँ अर्थबाट टाढा बस्नुहुन्छ । उहाँ भन्नुहुन्छ- साधुका सबै आवश्यकता समाजले नै पूरा गरेका छन् भने हामीलाई पैसा किन चाहियो ?

साधु समाजका लागि बोझ होईन, सहयोगी बन्नुहुन्छ । साधु समाज सुधारको लागि हो । साधु समाजको मार्ग निर्देशनको लागि हो । साधु सामाजिक सद्भाव अभिवृद्धिका लागि हो । साधु सत्चरित्रता र सामाजिक समरसताका लागि हो । साधु भेषले होईन, आचरण र व्यवहारले बन्ने कुरा हो - साधुका विषयमा महाराजजीको स्पष्ट धारणा यस्तो छ ।

महाराज भन्नुहुन्छ :- सडकमा दुर्घटना कम होस् भन्नका लागि ट्राफिकको व्यवस्था गरिएको हुन्छ । त्यस्तै साधु महाराजहरु समाजमा हुन सक्ने ठूला-ठूला घटना, दुर्घटना रोक्नका लागि सहयोगी हुन्छन् । जोखिमपूर्ण यात्रालाई सही मार्ग निर्देशनका लागि साधुहरुको आवश्यकता पर्दछ ।

वि.सं. २०२३ साल चैत्र २६ गते तदनुसार 8 अप्रिल 1967 का दिन पिता दधिराम सुवेदी र माता विमलादेवी सुवेदीका कोखबाट स्याङ्जाको आरुखर्कमा माइला सुपुत्रको रुपमा दुर्गाप्रसाद (मणिभद्रजी महाराज) को जन्म भएको थियो । महाराज सानै उमेरदेखि शान्त स्वभावका, अध्यनशील हुनुहुन्थ्यो ।

गण्डकी अञ्चल स्याङ्जा जिल्लाको सदरमुकामबाट १८ किलोमिटर उत्तरमा अवस्थित आरुखर्क गा.वि.स. मा लेक, बेंसी, पहरा, छहरा, खोला, झरना, वनपाखा, पखेरा, चौतारा, उकाली, ओराली, भञ्याङ्ग, देउराली सबै समेटिएका छन् । आरुखर्कको गा.वि.स. भवन सिद्धार्थ राजमार्गको सर्केटारी देखि ३ किलोमिटर टाढा रहेको छ । यस क्षेत्रबाट अन्नपूर्ण, माछापुच्छ्रे आदि मनोहर हिमश्रृंखला देख्न सकिन्छ ।

१३ वर्षको कलिलो उमेरमा चूडामणि लामिछाने भन्ने व्यक्तिसँग भेट हुँदा मित्रराष्ट्र भारतका बारे धेरै कुरा जान्ने मौका पाए । त्यसबेला गाउँमा उहाँहरुको कपडा पसल थियो । सन् 1981 को कुरा हो बालक दुर्गाप्रसाद (मणिभद्र) उनै चूडामणिसँग भारत प्रस्थान गर्छन् । त्यसबेला नवरात्रको समय थियो । पहिरोको कारण सिद्धार्थ राजमार्ग अवरुद्ध भएको थियो । एक मनले दुर्गाप्रसाद घर फर्कन चाहन्थे । शायद परमात्माको यही इच्छा थियो होला दुईदिन लगाएर दुर्गाप्रसाद राम्दी हुँदै बुटवलसम्म पैदल यात्रा गर्नुपर्‍यो । त्यहाँबाट भारतको उत्तर प्रदेश स्थित मेरठ शहरको जैननगर भन्ने बस्तीमा पुग्छन् । जहाँ चारसय घर (कोलोनी) जैनहरुको बस्ती थियो । त्यहाँ उनलाई पहिलो पटक शान्ति स्वरुपजी महाराजको दर्शन गर्ने सौभाग्य मिल्छ । त्यसबेला शान्ति स्वरुपजी महाराजको दैनिक सात घण्टासम्म



किशोर दुर्गाप्रसाद



मुनि मणिभद्र
किशोर अवस्थामा

ध्यान गर्ने विशेष नियम थियो । त्यहाँ दुर्गाप्रसादलाई महामन्त्र नमोकार पाठ पढाइन्छ । विस्तारै-विस्तारै जैन धर्मका बारेमा धेरै कुरा थाहा पाउँछन् दुर्गाप्रसादले । ६ महिना पछि बुवा दधिराम सुवेदी छोरा खोज्दै मेरठ आईपुग्छन् । बुवाको आज्ञा अनुसार दुर्गाप्रसाद (मणिभद्र) घर फर्कन्छन् । ८ महिना घरमा बिताइसकेका दुर्गाप्रसाद (मणिभद्र) लाई लिन केही मान्छे दिल्लीबाट आउँछन् । किशोर दुर्गाप्रंसादको मन किन हो कुन्नी घरव्यवहार र गृहस्थीमा रमाउन मान्दैनन् । दुर्गाप्रसाद भारत जान हत्तारिन्छन् । परिवारले निकै सम्झाए तापनि उनी घर बस्न मान्दैनन् । सायद परमात्माको त्यस्तै इच्छा थियो होला । दुर्गाप्रसाद (मणिभद्र) भारत गई हाल्छन् ।



युवाचार्य
डा. श्री विशाल मुनि जी म.

उपप्रवर्तक
श्री आशीष मुनि जी म.

त्यहाँ गएपछि ज्ञान साधना शुरु हुन्छ । साधु हुनका लागि आवश्यक पर्ने प्रारम्भिक ज्ञानहरु दुर्गाप्रसादलाई सिकाइन्छ । सन् 1984 मा सुमति प्रकाश महाराजबाट दीक्षा धारण गरेर दुर्गाप्रसादबाट बन्छन्- मणिभद्रजी महाराज । उहाँलाई आवश्यक रेखदेख एवं निर्देशनका लागि पहिलो नेपाली जैन सन्त आशिष मुनि र डा. विशाल मुनिजी महाराजलाई उहाँका गुरु तोकिन्छ ।

पछि दुर्गाप्रसाद साधु बनेको खबर घरमा सुनाइन्छ । परिवारजनमा चिन्ता छाउँछ । आमा विमलादेवीको भक्कानो छुटेर आउँछ । त्यसबेलाको घटना सम्झदै मणिभद्रजी महाराजको ममतामयी माता विमलादेवी भन्नुहुन्छ- छोरो जोगी भएको खबर सुन्दा कस्को मन रमाउँछ र ?



माता बिमला देवी

मणिभद्रजी महाराज आध्यात्मिक साधनका दृष्टिले मात्र नभई शैक्षिक एवं चिन्तनका दृष्टिले पनि अध्ययनशील हुनुहुन्छ । उहाँले सन् 1985 मा कुरुक्षेत्र युनिर्भसीटीबाट एस.एल.सी. पास गर्नुभयो । उहाँले कहिले पनि आफ्नो अध्ययनशील बानी छोड्नु भएन । आइ.ए. पास गरेपछि इन्दिरा गान्धी खुल्ला विश्वविद्यालयबाट समाजशास्त्रमा डिप्लोमा पास गर्नु भई अन्त्यमा जैन विश्व भारती इन्ष्टिच्यूट लाड्नु, राजस्थानबाट एम.ए. पास गर्नुहुन्छ ।

विभिन्न संघ संस्था खोलेर सामाजिक एवं आध्यात्मिक सन्देश प्रचार गर्ने सानैदेखि उहाँको रुचि थियो । सन् 1985 मा आफ्ना गुरु शान्तिस्वरुपजी महाराजजीका सम्झनामा प्रवर्तक गुरु शान्ति संघ नामक संस्था खोलेर सामाजिक जीवन शुरु गर्नुभयो । मणिभद्रजी महाराजजीले स्थापना गर्नुभएको उक्त संस्था हालसम्म पनि सक्रिय रुपमा सञ्चालित छ ।

किशोर दुर्गाप्रसाद आफ्ना बुबा, आमा र दाजुभाइ र बहिनीसँग

